# सार्वजनिक सुनुवाई
# २०८२



लुंग्री गाउँपालिका रोल्पा

लुंग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यलय

बडाचौर, रोल्पा

## सार्वजनिक सुनुवाई

(स्थान: लुंग्री गाउँपालिका रोल्पा, बडाचौर)

(मिति: २०८२ साउन २५ गते)

## प्रतिवेदन

**<u>सहजकर्ता</u>**

**कुल बहादुर गुरुङ (के.वी.)**

**(पत्रकार)**

# बिषय सूची


| क्र.सं. | बिषय | पेज नं. |
|---|---|---|
| १. . | पृष्ठभूमि | ४ |
| २. . | उदेश्य | ५ |
| ३. . | विधी | ५ |
| ४. . | समन्वय र प्रचार–प्रसार | ५ |
| ५. . | निर्गम अभिमत, नागरिक प्रतिवेदन तथा अभिमत संकलन | ५ |
| ६. . | निर्गम अभिमत, नागरिक प्रतिवेदन र नागरिक अभिमत विवरण | ६ |
| ७. . | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | ६ |
| ८. . | नागरिक अभिमत (भिडियो) द्वारा संकलन गरिएका मुख्य प्रश्नहरु | ७ |
| ९. . | नागरिक अभिमतबाट उठेका प्रश्नहरुको जवाफ | ७ |
| १०.. | बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमका फोटोहरु | ९ |
| ११.. | निष्कर्ष | १४ |
| १२.. | सल्लाह/सुजाव | १४ |

## लुंग्री गाउँपालिका

# सार्वजनिक सुनुवाई


**(मिति:२०८२/०४/२५)**

## प्रतिवेदन

### १) पृष्ठभुमी

रोल्पा जिल्लाका विभिन्न पालिकाहरु मध्य लुंग्री गाउँपालिका पनि एक हो । यस पालिकाले सुशासन, पार्दशिता, मितब्ययिता र जनउत्तरदायि शासन कायम गर्नका लागि निरन्तर लागिरहेको छ । जनतासंग नजिक भई उनिहरुको गुनासो, सुझाव, प्रतिकृया, भोगाई, अनुभवलाई समेट्दै सरकार संचालन गर्नु सुशासनको आधारशिला हो । यहि आधारशिलालाई कार्यन्वयन गर्ने माध्यम भनेको सार्वजनिक सुनुवाई हो । सार्वजनिक सुनुवाई कार्यक्रममा जनताको हरेक समस्या, गुनासो, दुखेसो र भोगाई सेवाप्रदायकले सुन्न पाउनुका साथै कार्य सम्पादन गर्दा भए गरेका कमि कमजोरीहरुलाई पनि औल्याउने गरिन्छ । जनताको प्रश्नलाई साक्षात्कार गर्दै भए गरेका समस्या, गुनासो र सुझावलाई समेट्दै आगामि आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रममा समेट्न सके जनताले सरकारको अपनत्व गर्दछन् । यसलाई कार्यान्वयनमा लैजानका लागि लुग्री गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुले सार्वजनिक सुनुवाई कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

लुंग्री गाउँपालिकाले प्रत्येक चौमासिकमा घुम्ति सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आइरहेको छ । प्रत्येक चौमासिक सार्वजनिक सुनुवाई फरक–फरक वडामा संचालन गर्ने गरिएको छ भने वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमका लागि ७ वटै वडाका टोलहरुमा पुगेर सेवाग्राहीसंग निर्गम अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन (Citizen Report Card) का साथै भिडियो मार्फत नागरिक अभिमत संकलन गरि पालिकाको केन्द्र किलाचौरमा समिक्षा गर्ने गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमलाई कानूनि बैधता दिनका लागि कार्यविधि बनाएर नै कार्यक्रम गर्न थालिएको छ । आम जनताको गुनासो सुन्नका लागि विभिन्न माध्यमहरु गाउँपालिकाले अपनाइरहेको भए पनि अझै जनतासंग नजिक भएर गुनासो, सुझाव तथा प्रतिकृया संकलन गर्दै सार्वजनिक सुनुवाईलाई सत्य, तथ्य र निष्पक्ष बनाउनका लागि एक जना सार्वजनिक सुनुवाई सहजकर्तालाई कार्यक्रम सहजिकरणको जिम्मेवारी दिइएको थियो । कार्यक्रममा धैरै भन्दा धैरै सहभागिता होस भन्नका लागि विभिन्न संचारमाध्यम, पत्रपत्रिका, सामाजिक संजालको प्रयोग गरि ब्यापक प्रचार–प्रसार गरिएको थियो । कार्यक्रमलाई तठस्त र निष्पक्ष बनाउनका लागि सार्वजनिक सुनुवाई तेस्रो पक्षले सहजिकरण गर्ने ब्यवस्था गरिएको थियो ।



## २) उद्धेश्य

गाउँपालिकाले विभिन्न नीति, कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेर मात्र सार्थकता नहुने भएकाले गाउँपालिकाले सम्पन्न गरेका विभिन्न कार्यक्रम तथा योजनाहरुका बारेमा जनताहरुलाइ जानकारी दिने, गाउँपालिका, वडा कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका बारेमा जानकारी आम सेवाग्राहिहरुलाई दिनुका साथै सेवा प्रदायकहरुको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गर्नुका साथै आगामि आर्थिक वर्षको नीति, कार्यक्रम तथा योजनाहरुमा नागरिकहरुको गुनासो सम्बोधन गर्नु मुख्य उदेश्य हो । यसका अलावा योजना सम्पन्न गर्दा कहि कतै अनियमितता भएका, ढिला सुस्ति भएका, झन्जट भएको खण्डमा नागरिकहरुले खबरदारी गर्ने अवसर पनि सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त हुन्छ । सेवा प्रदायक निकाय र सेवाग्राहि विचमा साझा बुझाइ गर्नु पनि सार्वजकि सुनुवाई कार्यक्रमको उदेश्य हो । गाउँका दुरदराजमा रहेका समस्याहरु सम्वन्धित सेवाप्रदायक निकाय सम्म पुर्याउनु पनि सार्वजनिक सुनुवाई कार्यक्रमले पुलको भूमिका निर्वाह गर्ने गर्दछ ।

## ३) विधि

आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका लागि लुंग्री गाउँपालिकाको कार्यपालिका बैठकले कार्यक्रमको मिति, समय र स्थान तय गरेको थियो । कार्यपालिकाको निर्णय अनुसार सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ साउन २५ गते तय गरेको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका लागि गाउँपालिका भित्र रहेका ७ वटै वडाहरुका टोलहरु, कार्यलय, स्वास्थ्य चौकी, विद्यालय, बैंक र लुंग्री गाउँपालिकाका शाखाहरु सेवा लिन आएका कम्तिमा ६० जना सेवाग्राहीसंग निर्गम अभिमत (Exit Poll) र ६० जना संग नागरिक प्रतिवेदन (Citizen Report Card) संकलन गर्न समय अवधि निर्धारण गरिएको थियो । जसको समय अवधि २०८२/०४/०१ देखि २०८२/०४/३० गते सम्म रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय पश्चात वडा, टोल, बस्तिमा जाँदा आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीका लागि आग्रह समेत गरिएको थियो । साउन २५ गते हुने सार्वजनिक सुनुवाई कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न सामाजिक संजाल, मिडिया, पत्रपत्रिकामा प्रचार–प्रसार गर्नुका साथै पत्राचार समेत गरिएको थियो ।

## ४) समन्वय र प्रचार–प्रसार

आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति तय भए पश्चात कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारेमा छलफल गरिएको थियो । कार्यक्रमलाई सभ्य र भब्य बनाउनका लागि साथै बस्ति स्तरमा सम्पुर्ण नागरिकहरुको गुनासो कार्यक्रममा समावेश गर्नका लागि गाउँपालिका भित्रका प्रत्यक टोल–टोलमा प्रचार–प्रसार गरिएको थियो । गाउँपालिकाको सुचना पार्टी, फेसबुक पेज, वयबसाइट लगायतका सामाजिक संजालहरुबाट सुचना प्रवाह गरिएको थियो । यसका साथै विभिन्न रानीतिक दल, सुरक्षाकर्मी, टोल विकाश सस्था, आमा समुह, पुर्व जनप्रतिनिधिहरु लगायतलाई पत्राचारका साथै फोन मार्फत कार्यक्रमको मिति, समय र स्थानका बारेमा पटक–पटक जानकारी गराइएको थियो ।

## ५) निर्गम अभिमत, नागरिक प्रतिवेदन तथा अभिमत संकलन

लुंग्री गाउँपालिका रोल्पाको कार्यपालिकाको निर्णय अनुसार आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम यहि २०८२ साउन २५ गते तय गरेको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका लागि गाउँपालिका भित्र रहेका ७ वटै वडाहरुका टोलहरु, कार्यलय, स्वास्थ्य चौकी, विद्यालय, बैंक र लुंग्री गाउँपालिकाका शाखाहरु

सेवा लिन आएका ६० भन्दा धेरै सेवाग्राहीसंग निर्गम अभिमत (Exit Poll) र ६० भन्दा धेरै नागरिक प्रतिवेदन (Citizen Report Card) संकलन गर्न समय अवधि निर्धारण गरिएको थियो । जसको समयावधि मिति २०८२/०४/०१ देखि २०८२/०४/३० सम्म रहेको थियो ।

## ६) निर्गम अभिमत, नागरिक प्रतिवेदन र नागरिक अभिमत विवरण

| वडा/टोलहरु (घरदैलो गरेर संकलन) | निर्गम अभिमत (फार्म भरेको) | नागरिक प्रतिबेदन (फार्म भरेको) | नागरिक अभिमत (भिडियो) | संकलन मिति |
|---|---|---|---|---|
| **१ नं. वडाका टोलहरु:** पाङ, दाईबाङ, छिउदर, लालुबाङ | ९ जना | ९ जना | ५ जना | २०८२/०४/११ |
| **२ नं. वडाका टोलहरु:** तल्लो सिर्प, उपल्लो सिर्प | ८ जना | ९ जना | ४ जना | २०८२/०४/१४ |
| **३ नं. वडाका टोलहरु:** गोठेचौर, सिम्बिठा, जुतुंग खोला | ९ जना | ९ जना | ३ जना | २०८२/०४/१५ |
| **४ नं. वडाका टोलहरु:** ठुलो नम्जा, चाकुडाँडा, सानो नम्जा, छेरा | ८ जना | ९ जना | ४ जना | २०८२/०४/१६ |
| **५ नं. वडाका टोलहरु:** किलाचौर, बलाले, बडाचौर, गोठीबाङ | ९ जना | ८ जना | ४ जना | २०८२/०४/१७ |
| **६ नं. वडाका टोलहरु:** उपल्लो गुम्चाल, पाटे गुम्चाल, तल्लो गुम्चाल, गर्रि | ९ जना | ८ जना | ४ जना | २०८२/०४/१२ |
| **७ नं. वडाका टोलहरु:** हारजंग, छेरेखुङ, भैसा छोपे | ९ जना | ८ जना | ४ जना | २०८२/०४/१३ |

- जम्मा निर्गम अभिमत = ६१ जना
- जम्मा नागतिक प्रतिबेदन = ६० जना
- जम्मा नागरिक अभिमत = २८ जना
- **जम्मा संख्या = १४९ जना**

(८३ जना, पुरुष ६६ जना, दलित, २१ जना, शिक्षक ३ जना, बिद्यार्थी ५ जना)

## ७) वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०८२ साउन २५ गते आ.व. २०८१/०८२ को निति कार्यक्रम, बजेट तथा बार्षिक प्रगति सम्बन्धि ‘सार्वजनिक सुनुवाई कार्यक्रम’ सम्पन्न भयो । कार्यक्रमलाई पत्रकार महासंघका पुर्व अध्यक्ष नविन रोका मगरले सहजीकरण गर्नु भएको थियो । लुंग्री गाउँपालिकाका अध्यक्ष भरत कुमार थापाको सभाध्यक्ष रहेको बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रममा लुंग्री गाउँपालिकाका उपाध्यक्ष दिल कुमारी गुरुङको आतिथ्यता रहेको थियो । अन्य अतिथिहरु निमित्त प्रमुख प्रशासकीय प्रमुख लेपेन्द्र बहादुर बुढाथोकी, ७ वटै वडाका वडाध्यक्षहरु र कार्यपालिका सदस्यहरूको आतिथ्यता रहेको थियो । कार्यक्रममा वडा सदस्यहरु,

गाउँपालिकाका शाखा प्रमुखहरु, गाउँपालिका भित्रका सबै कर्मचारीहरु, राजनीतिकदल, सर्बसाधारण नागरिक, सुरक्षा कर्मी र अन्य सामाजिक संघ संस्था, नागरिक समाजका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

अतिथि आसन ग्रहण लगतै राष्ट्रिय गान भएको थियो । शहिदहरुको सम्मानमा १ मिनेट मौनधारण भए पश्चात गाउँपालिकाका नि.प्रमुख प्रशासकीय अधिकृत लेपेन्द्र बहादुर बुढाथोकीले स्वागत मन्तव्य संगै आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत भएको थियो । प्रगति प्रतिवेदन डिजिटल प्रविधि प्रोजेक्टर मार्फत प्रस्तुत भएको थियो ।

कार्यक्रमको तालिका अनुसार गाउँपालिकाका ७ वटै वडाबाट संकलन गरिएको निर्गम अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन (Citizen Report Card), साथै अडियो/भिडियो (सेवाग्राहीहरुको अभिमत, गुनासा र सल्लाह सुजाव) नागरिक अभिमत सहितको भिडियो प्रस्तुत गर्ने कार्य भयो ।

नागरिक अभिमत सहितको भिडियो लिंक यहाँ छ ।
https://youtu.be/pxZUSEAgIgY?si=kqPz2SvXc4VITBeg

### ८) नागरिक अभिमत (भिडियो प्रस्तुति) द्वारा संकलन गरिएका मुख्य प्रश्नहरु :

१) १ नं. वडाको लालुबाङ खोलाको पक्कि पुल अहिलेसम्म किन निर्माण भएन ?
२) बजेट बिनियोजन गर्दा भूगोल र जनसंख्याको आधारमा गर्नुपर्ने !
३) कार्यलय पहुँचका भूगोल र क्षेत्रहरुमा सेवा सुविधाहरु प्राथमिकिकरण भए, अनेत्र भएनन् !
४) वडामा बजेट विनियोजन राजनीतिक प्रभाव वा पहुँच र लबिङको आधारमा किन हुन्छ ? समानुपातिक प्रणालीमा बिनियोजन होस् !
५) बिपन्न तथा लक्षित बर्गका लागि आउने सेवा सुविधा तथा कार्यक्रम बारे सम्बन्धित बर्गलाई जानकारी नभएको !
६) गाउँपालिकामा लागुहुने योजनाहरु समयमै सुचारु नभएर असारे बन्दा प्रतिकुल मौसमका कारण स्तरीय नहुनु, समयमै नसकिनुको समस्या छ !
७) संबिधानमा उल्लेख भए अनुसार लुंग्री गाउँपालिकामा निशुल्क शिक्षा किन लागु हुन सकेन ?
८) उत्पादित कृषि बस्तुहरुको बजारीकरणमा समस्या छ, त्यसको ब्यबस्थापन गरिदिए हुन्थ्यो !
९) हारजंग जाने बाटो कच्ची छ, यात्रा असहज छ, त्यसको स्तरउन्नति तथा कालोपत्रेको आबस्यकता छ !

भिडियो प्रस्तुति मार्फत नागरिक अभिमत संकलन प्रस्तुत भएपछी कार्यक्रम हलमा उपस्थित भएकाहरुलाई आफ्नो जिज्ञासा, प्रश्न तथा गुनासो राख्न समय दिएको थियो । अधिकांस प्रश्न तथा जिज्ञासाहरु भिडियो मार्फत प्रस्तुत भएकोले सार्वजनिक सुनुवाईमा सहभागीहरु कसैबाट प्रश्न तथा जिज्ञासा राख्ने काम भएन ।

### ९) नागरिक अभिमत (भिडियो प्रस्तुतिकरण)बाट उठेका प्रश्नहरुको जवाफ:

नागरिक अभिमत संकलनबाट उठेका प्रश्नहरु जवाफमा वडा नम्बर २ का वडाध्यक्ष अमृत घर्तीमगरले उठेका प्रश्नहरुको जबाफ दिनु भएको थियो । सेवाग्राहीलाई आबस्य,कताको आधारमा समानुपातिक प्रणालीमा सेवा प्रबाह गरिरहेको, सेवा प्रदायकले सेवा प्रबाह गर्दा नीति नियम भित्र रहेर गर्दा कतै जनभावना अनुरुप नभएको स्पष्ट पारेका थिए ।

कार्यक्रममा उपाध्यक्ष दिल कुमारी गुरुङले आफ्नो छोटो मन्तव्य राख्दै यसपालिको सार्वजानिक सुनुवाई कार्यक्रममा बिगतको जस्तो धेरै गुनासाहरु नउठेकोले गाउँपालिकाबाट प्रबाह भैरहेका सेवाहरु सन्तोष जनक रहेको भनाई राख्दै सार्वजनिक सुनुवाई कार्यक्रमलाई सफल पार्न सहयोग गर्ने सवै निकायहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा सभाध्यक्ष तथा लुंग्री गाउँपालिका अध्यक्ष भरत कुमार थापाले नागरिक अभिमत संकलनद्वारा उठेका प्रश्नहरुको जवाफ निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ:

१) वडा नं. १ स्थित लालुबाङ खोलाको पुल निर्माणका लागि शहरी बिकाश मन्त्रालयद्वारा बजेट बिनियोजन भई यो बर्ष पुलको टेन्डर हुन्छ ।
२) बजेट विनियोजन हुँदा भौगोलिक र जनसंख्याको आधारमा विनियोजित हुने कुरामा हामी सचेत छौं, बिगतमा पनि अन्य वडा भन्दा बढी १ नम्बर वडालाई बजेट बिनियोजन गरिएको छ ।
३) बजेट बनाउदा सन्तुलित, निस्पक्ष र समानुपातिक ढंगले योजना निर्माण र बजेट बिनियोजन गर्ने गरेका छौ, त्यसमा अझै पनि ध्यान दिनेछौं ।
४) बिपन्न तथा लक्षित बर्गका लागि आउने सेवा सुविधा तथा कार्यक्रमको जानकारी लिन दलित तथा विपन्न वर्गका दाजुभाईहरु जागरुक रहन, अधिकार प्राप्त गर्ने चेष्टा गरौँ ! निरासबाट माथि उठेर हरेक कार्यक्रममा सहभागी बनौ ।
५) पालिका भित्रका योजनाहरु समयमै सुचारु गराउन दिएको सुजाव स्वागत योग्य र मनन योग्य छ, त्यस तर्फ आगामी बर्षहरुमा हाम्रो ध्यान जानेछ ।
६) संबिधानमा उल्लेख भए अनुसार निशुल्क शिक्षा लिन पाउनु विद्यार्थीको मौलिक हक हो, यसको बारे बुझेर निशुल्क शिक्षा प्रदान गराउन शिक्षा शाखा र सम्बन्धित निकाय संग छलफक गरि समस्या समाधान गर्नेछौ ।
७) उत्पादित कृषि बस्तुहरुको बजारीकरणका लागि हाटबजारको ब्यबस्था भएको हप्ता दिन भयो । उत्पादित बस्तुहरु ल्याउनुहोस बजार ब्यबस्थापनमा समस्या आउदैन । पालिकामा चिस्यान केन्द्रको ब्यबस्था पनि छ बरु उत्पादनलाई वृद्धि गराउनुस ।
८) वडा नं. ७ को  हार्जङ जाने बाटोको लागी स्तर उन्नति गर्दै क्रमबद्ध ढंगबाट कालोपत्रे हुनेछ. आगामी बर्षहरुमा सडक वाटो पिच गर्नेछौ ।

सार्वजनिक सुनुवाई कार्यक्रम करिव १ बजेदेखि सुरु भएर ४ बजे समापन भएको थियो । कार्यक्रमलाई रेडियो मालश्री, रेडियो जलजला र रेडियो रोल्पाबाट प्रत्यक्ष प्रसारण भएको थियो ।

लाइभ प्रत्येक्ष प्रसारण भएको लिंक यहाँ छ:
https://www.facebook.com/share/v/1HowGwK3i2/

**https://www.facebook.com/share/v/15p2jU46p8/**

**https://www.facebook.com/share/v/1LMqgahGNZ/**

## १०) बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमका फोटोहरु



















सार्बजानिक सुनुवाई
कार्यक्रम













## ११) निष्कर्ष

सेवाप्रदायक नियकाय र सेवाग्राहीविच दुरी नजिक बनाउदै, साँझा बुझाइ निमार्ण गर्न र विभिन्न कार्यालय तथा स्थानिय सरकारहरुले गरेको गतिविधि आम नगरिकहरु समक्ष पु¥याउने साथै कार्य सम्पादन गर्दै गर्दा भए गरेको गल्ति, कमि, कमजोरी र सकरात्मक सुझाव लिने गतिलो फोरमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ । सेवाप्रदायक निकाय तथा कार्यालयहरुको गलत बुझाइका कारण सार्वजनिक सुनुवाई नगरेका धेरै दृष्टान्तहरु पनि छन । तर आँट गरेर सार्वजनिक सुनुवाई गरेका पालिका, विभिन्न कार्यालयहरुले भने त्यस पछि फरक अनुभुति र अनुभव सुनाएका छन । आफुले गरेका राम्रा कामहरुको पनि प्रचार–प्रसारको कमिका कारण र गलत बुझाइका कारण सेवाग्राहिहरुमा पर्न गएको असुविधा महशुस तथा क्रोधलाई अन्त्य गर्दै पालिका तथा सेवाप्रदायक कार्यालयले दिएको सेवामा सन्तुष्टि थप्न पनि सार्वजनिक सुनुवाईले थप भूमिका खेलेको हुन्छ । यस प्रकारको कार्यक्रमले गाउँका कुना–कुनामा रहेका समस्याहरुलाई सम्वन्धित सेवाप्रदायक निकायहरु समक्ष पु¥याउन महत्वपुर्ण भूमिका खेल्नुका साथै गाउँ, समाजमा भएका समस्यालाई कसरि समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि विज्ञ, स्थानिय वुद्धिजिवि, समाजसेविहरुले सकरात्मक सुझाव समेत दिने भएकाले कार्य सम्पादन गर्नमा सार्वजनिक सुनुवाईको अहम भूमिका हुन्छ । यसलाई अझैं सभ्य, भब्य र सबैको सहभागिता जुटाउनका लागि सबैले आ–आफ्नो तहबाट लाग्नु पर्छ । स्थानिय सरकारको केन्द्रमा आम दुरदराजका नागरिकहरुको समस्या, गुनासो नआइ पुग्ने भएकाले विभिन्न गाउँको वस्ति–वस्ति र टोलहरुमा पुगि संकलन गरिने नागरिकहरुको गुनासो, सुझाव र समस्या स्थानिय सरकारको केन्द्रमा पु¥याउनका लागि पनि सार्वजनिक सुनुवाईले भूमिका खेलेको देखिन्छ । कार्यालयले प्रत्येक चौमासिकमा गरेको गतिविधि, खर्च विवरण समेत सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने भएकाले विभिन्न योजना तथा कार्यक्रमहरुमा अनियमितता, भ्रष्टचारमा कमि आउनुका साथै मितब्ययिता समेत कायम हुने देखिन्छ । यसलाई निरन्तरता दिनु स्थानिय सरकारको दायित्व हो ।

## १२) सुझावहरु

१) सार्वजनिक सुनुवाई कार्यक्रममा समानुपातिक सहभागिता देखिएन ।

२) राजनीतिक दलहरुको सहभागिता न्यून देखियो ।

३) प्राकृतिक प्रतिकुल मौसमका कारण सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउन असहजता देखिन्छ, यसले सार्वजनिक सुनुवाईमा सहभागि हुन समेत प्रतिकूलता/असहज सिर्जना गरेको छ । त्यसकारण प्राकृतिक/मौसम अनुकुलतालाई ध्यान दिएर सार्वजनिक सुनुवाई कार्यक्रमको समय तालिका/मिति तय गर्न आबस्यक देखिन्छ ।

~~~~~ **समाप्त** ~~~~~
~~~~~